

# बजार अवलोकन ५४

जेठ, २०७०†

**निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :**
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि बिकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***देशका धेरै भागहरु, विशेषगरी पहाडी तथा हिमाली क्षेत्रमा बेलाबेलामा सडक तथा बाटोघाटोहरु अवरुद्ध भई खाद्यान्न आपुर्तिमा कमि आउनाले २०७० जेठ महिनामा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले बढ्दो प्रवृति देखाए ।***
- ***नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो प्रतिवेदन अनुसार, २०७० जेठमा राष्ट्रिय स्फीतिदर ८.२ प्रतिशतमा कायम रहृयो भने अन्नहरुको मूल्य सूचकाङ्ग गत वर्ष सोही समयको १.० प्रतिशत न्यून बृद्धिको तुलनामा तीव्ररुपमा १२.० प्रतिशतले बृद्धि भयो ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा नियमित रुपमा अनुगमन गरिने प्राय मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्यले गत एक महिनामा बढ्दो प्रवृति (trend) देखाए । मोटा चामलको मूल्य ५.४ प्रतिशतले बृद्धि भई प्रति किलो रु. ४०.९ भयो भने हालै भित्र्याइएको गहुँ बाली बजारमा भित्रिएको हुनाले गहुँको पिठोको मूल्य २.८ प्रतिशतका दरले घट्न गई प्रति किलो रु. ३८.३ भयो । मास र मुसुरो जस्ता दालहरुको मूल्य क्रमशः १.५ र ०.४ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भयो । यसैगरी, गत एक महिनामा खानेतेलहरुको मूल्य पनि न्यून रुपमा बृद्धि भयो भने मौसमी रुपमा अन्नवाली उत्पादन रिक्त हुने समय भएको हुनाले रातो आलुको मूल्य १८.७ प्रतिशतका दरले तीव्र रुपमा बृद्धि भयो । गत वर्ष यही समयको तुलनामा प्राय खाद्य बस्तुहरुको मूल्यले तीव्र बृद्धि देखाए; २०६९/७० मा वर्षे बालीको उत्पादनमा ह्रास आएको हुनाले पनि यसो भएको हुन सक्दछ ।

क्षेत्रीय बजारहरुले राष्ट्रिय प्रवृति संग मिल्दोजुल्दो अवस्था देखाए; मोटा चामलको मूल्यमा बृद्धि र गहुँको पिठोको मूल्यमा गिरावट । यद्यपि, तराई र सडक पहुँच भएका पहाडी तथा हिमाली बजारहरुको तुलनामा मुसुरोको मूल्य काठमाडौं र पोखराको मुख्य उपभोक्ता बजारहरुमा उच्च दरले बृद्धि भयो ।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा थोक मूल्यहरु न्यून रुपमा बृद्धि भयो । कालीमाटी फलफूल तथा तरकारी बजारमा ताजा तरकारी तथा फलफूलको थोक मूल्यमा मौसमी रुपमा हुने उतारचढाव देखियो । उदाहरणका लागि, गत एक महिनामा बन्दा, पालुङ्गो, सुकेको प्याज, गाँजर र स्याउको मूल्य निरन्तर रुपमा बृद्धि भयो भने काँक्रो, फर्सी र आँपको मूल्य ५ प्रतिशत भन्दा बढीका दरले घट्यो ।

नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित वार्षिक स्फीतिदर अनुसार २०७० जेठमा वार्षीक मूल्य स्फीति गत वर्षको सोही समयमा भएको ९.९ बृद्धिको तुलनामा ८.२ प्रतिशतमा कायम रहृयो । खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्ग ९.९ प्रतिशतको तुलनामा ७.७ प्रतिशतले मध्यमस्तरीय रुपमा बृद्धि भयो भने अन्नहरुको मूल्य सूचकाङ्ग गत वर्ष सोही समयको १.० प्रतिशत न्यून बृद्धिको तुलनामा १२.० प्रतिशतले तीव्र बृद्धि भयो । अन्नहरुको मूल्यमा भएको तीव्र बृद्धि खाद्य सुरक्षाको मुख्य चासोको बिषय हो ।

### आपूर्ति

पहाडी तथा हिमाली क्षेत्रलाई तराईका बजारहरुसंग जोड्ने सडकहरु (राप्ती, कर्णाली, कटारी-ओलखढुङ्गा र कोशी राजमार्गहरु) पहिरो र बाढीले अवरुद्ध भएका छन् । यसले खाद्य बस्तुहरुको आपूर्तिमा आंशिक वा पूर्ण रुपमा बाधा पुऱ्याएको छ । यसैगरी, सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा भारी वर्षाका कारण आएको बाढी र पहिरोले सडक तथा बाटोघाटोहरुमा क्षती पुऱ्याएको छ । यसको फलस्वरुप खलङ्गा, दार्चुला र सो क्षेत्रका केही अन्य बजारहरुमा खाद्य संचिती रित्तिदै गएको छ । यस अवस्थालाई निकटबाट अनुगमन गर्न जरुरी छ ।

### पूर्वानुमान

आश्विन महिनामा भित्र्याउने अपेक्षा गरिएको आगामी बाली नभित्र्याईएसम्म प्राय खाद्य बस्तुहरुको उच्च मूल्य कायमै रहेन वा बृद्धि हुने अनुमान छ । अमेरिकी डलरको तुलनामा नेपाली रुपैयाको निरन्तर अवमूल्यनले आयातीत बस्तुहरुको मूल्य बृद्धि गराउने सम्भावना रहेको छ । यसैगरी, पहाडी तथा हिमाली क्षेत्र सम्म पुग्ने सडकहरु बेलाबेलामा अवरुद्ध हुनाले आपूर्तिमा बाधा आउनुका साथै यात( ।यात लागतमा समेत बृद्धि हुने देखिएको छ जसले खाद्य बस्तुहरुको मूल्य बृद्धि गराउन सक्ने अनुमान छ ।

पूर्व मनसुनी वर्षा, र समयमा नै आएको मनसुनी वर्षाले धान रोपाँईमा सहयोग पुऱ्याएको छ । यसले वर्षे बाली उत्पादन सकारात्मक रहने पूर्व संकेत गरेको छ ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | परिवत ´न १ महिना (%) | अवलोकन |
|---|---|---|---|
| आलु, पालुङ्गो, सुकेको प्याज, गाँजर र मुला | विभिन्न | > ११.० | उत्पादन रिक्त हुनाले आपूर्तिमा कमि |
| काको, फर्सी र आँप | विभिन्न | >-६.० | बाली भित्र्याउने समय र उत्पादनमा बृद्धिका कारण आपूर्तिमा बृद्धि |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना
http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०७० जेठ महिनाको मूल्य सँग सम्बन्धित छन् ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suralshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ४०.० | ६.३ | ११.१ | ११.१ | ▲ | ▲ | ▶ |
| | गहुँको पिठो | ३३.० | -१०.८ | -८.३ | -५.७ | ▼ | ▶ | ▶ |
| | भटमासको तेल | १३३.० | -५.० | -७.० | -१.५ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | १५.४ | -३.२ | २२.४ | ▲ | ▶ | ▲ |
| | तोरीको तेल | १७०.० | ३.० | १.८ | १८.९ | ▶ | ▶ | ▲ |
| | मास | ११४.० | ०.९ | ०.९ | ८.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ६.८ | ६.८ | ३२.५ | ▲ | ▶ | ▲ |
| | आलु | २९.० | ३८.१ | ७.४ | -६.५ | ▲ | ▶ | ▶ |
| पोखरा | मोटा चामल | ४५.० | ७.१ | ७.१ | ७.१ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | -४.८ | -४.८ | १४.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ४.२ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १९०.० | -३६.७ | -३६.७ | -२९.६ | ▼ | ▼ | ▼ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| | मास | १२८.० | ०.० | ६.७ | ११.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०५.० | ०.० | ०.० | १२.९ | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | २०.० | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३५.० | ०.० | १६.७ | १२.२ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ३५.० | -०.८ | -५.४ | १६.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १५८.० | ९.० | १७.० | १०.२ | ▲ | ▲ | ▶ |
| | कुखुराको मासु | ३००.० | -६.३ | ७.१ | -२१.१ | ▼ | ▶ | ▼ |
| | तोरीको तेल | १९०.० | ८.६ | ५.६ | ८.६ | ▲ | ▶ | ▶ |
| | मास | ११५.० | ४.५ | १५.० | २७.८ | ▶ | ▲ | ▲ |
| | मुसुरो | ११५.० | ९.५ | २७.८ | ६०.५ | ▲ | ▲ | ▲ |
| | आलु | ३५.० | १३३.३ | १६.७ | ३८.२ | ▲ | ▲ | ▲ |
| बिरगंज | मोटा चामल | ३५.० | ०.० | -५.४ | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३२.० | ६.७ | -११.१ | १८.५ | ▲ | ▼ | ▲ |
| | भटमासको तेल | १६०.० | ०.० | -३.० | ६.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | १५.४ | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १८२.० | १.१ | -४.२ | १३.८ | ▶ | ▶ | ▶ |
| | मास | १००.० | ०.० | -२.९ | ६.४ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०८.० | ०.० | ८.० | ३८.५ | ▶ | ▶ | ▲ |
| | आलु | २०.० | ११.१ | २५.० | -२३.१ | ▲ | ▲ | ▼ |
| नेपालगंज | मोटा चामल | ३९.० | ११.४ | ११.४ | ५०.० | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | ३५.० | -७.९ | ९.४ | १९.३ | ▼ | ▶ | ▲ |
| | भटमासको तेल | १३५.० | -३.६ | -३.६ | -२०.६ | ▶ | ▶ | ▼ |
| | कुखुराको मासु | ३००.० | ०.० | ७.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | २००.० | ११.१ | ०.० | ११.१ | ▲ | ▶ | ▶ |
| | मास | १२५.० | ४.२ | -३.८ | ५३.१ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १०५.० | १.९ | ५.० | ३१.३ | ▶ | ▶ | ▲ |
| | आलु | २०.० | -४.८ | ०.० | -३३.३ | ▶ | ▶ | ▼ |
| धनगढी | मोटा चामल | ४०.० | ०.० | ०.० | ४८.१ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३३.० | ०.० | ०.० | २२.२ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १३२.० | -०.८ | १.५ | ६.५ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १७०.० | १.८ | १.८ | १.२ | ▶ | ▶ | ▶ |
| | मास | १३४.० | ०.० | -१.५ | ३.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | ३७.५ | ▶ | ▶ | ▲ |
| | आलु | ३९.० | ९५.० | १६०.० | -२.५ | ▲ | ▲ | ▶ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३५.० | १६.७ | २५.० | ४५.८ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ७५.० | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | ४७.४ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | -७.१ | ०.० | ८.३ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १५०.० | -११.८ | -११.८ | ०.० | ▼ | ▼ | ▶ |
| | मास | १२५.० | ०.० | ०.० | ३१.६ | ▶ | ▶ | ▲ |
| | मुसुरो | ९८.० | -१०.९ | -१०.९ | -३.० | ▼ | ▼ | ▶ |
| | आ | २५.० | २५.० | २५.० | १३.६ | ▲ | ▲ | ▶ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३६.० | ९.१ | ९.१ | १६.१ | ▲ | ▶ | ▲ |
| | गहुँको पिठो | ३५.० | -१६.७ | १६.७ | -२.८ | ▼ | ▲ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ३.४ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | -३.४ | ७.७ | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | -४.३ | -४.३ | ४.८ | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | ०.० | -१४.३ | ▶ | ▶ | ▶ |
| रोल्पा | मोटा चामल | ५०.० | ०.० | ४२.९ | ५१.५ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ४०.० | ०.० | -११.१ | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | १५५.० | ३.३ | -१३.९ | ३.३ | ▶ | ▼ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | मास | ११५.० | ०.० | -४.२ | -११.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ४.३ | ९.१ | -७.७ | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ११.१ | १००.० | ६६.७ | ▲ | ▲ | ▲ |
| सांफेबगर | मोटा चामल | ३६.० | ०.० | २.९ | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | -२०.० | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | ३५०.० | ०.० | १६.७ | ०.० | ▶ | ▲ | ▶ |
| | कुखुराको मासु | १८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | -७.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ९.१ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | २५.० | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| जुम्ला | मोटा चामल | ६०.० | ०.० | २०.० | ३३.३ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ६०.० | ०.० | -१४.३ | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | १६०० | ०.० | -११.१ | -५.९ | ▶ | ▼ | ▶ |
| | कुखुराको मासु | ३२०.० | -२०.० | -१५.८ | - | ▼ | ▼ | - |
| | मास | १४०.० | ७.७ | ४०.० | ४०.० | ▲ | ▲ | ▲ |
| | मुसुरो | १४०.० | ०.० | ४०.० | ४०.० | ▶ | ▲ | ▲ |
| | आलु | ३०.० | -२५.० | ०.० | -५०.० | ▼ | ▶ | ▼ |
| बाजुरा | मोटा चामल | ४०.० | ११.१ | १४.३ | १४.३ | ▲ | ▲ | ▶ |
| | गहुँको पिठो | ४१.० | २.५ | -२.४ | १३.९ | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | -१४.३ | ०.० | २०.० | ▼ | ▶ | ▲ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४२.० | ०.० | ५.० | ५.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २००.० | ०.० | -१३.० | -९.१ | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | सीमी | ३००.० | १५०.० | १५०.० | २००.० | ▲ | ▲ | ▲ |
| | मास | १५०.० | ०.० | - | - | ▶ | - | - |
| | मुसुरो | ३५०.० | ०.० | - | - | ▶ | - | - |
| | आलु | ६०.० | २०.० | २०.० | ५०.० | ▲ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | १२०.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | १२०.० | ०.० | ०.० | -७.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २३०.० | ०.० | ०.० | १५.० | ▶ | ▶ | ▶ |
| | सीमी | २८०.० | ४०.० | ७५.० | १८०.० | ▲ | ▲ | ▲ |
| | मास | २३०.० | ०.० | ०.० | १५.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | २५०.० | ०.० | ०.० | २५.० | ▶ | ▶ | ▲ |
| | आलु | - | - | - | - | - | - | - |


नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकरीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।



यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियनको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।